# न्यूजप्रवाह

Newsprabah weekly साप्ताहिक

स्थानीय 'ग' वर्गमा वर्गीकृत





"कबड्डी ५" बन्यो दुई दिनमै सुपरहिट (पृष्ठ ३ मा)

❖ वर्ष ६ ❖ अंक १३ ❖ २०८३ कार्तिक ११ गते बुधबार ❖ Wednesday, 28 Oct, 2026 ❖ मूल्य रु. १० ।- ❖ पृष्ठ ६ ❖ (Website : www .newsprabah .com)

## लालपुर्जा भूमिहीन नागरिकको अधिकार हो : मन्त्री रावल

- **बबिलाल तामाङ**

भरतपुर । भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले लालपुर्जा भूमिहीन नागरिकको अधिकार भएको बताएकी छन् ।

मन्त्री रावलले भूमिहीन दलित, सुकुमवासी तथा अव्यवस्थित बसोबासीलाई लालपुर्जा उपलब्ध गराउने विषय कुनै राजनीतिक आग्रह वा चुनावी आश्वासन नभई संविधानले सुनिश्चित गरेको अधिकारको विषय भएको बताएकी हुन् ।

भूमिहीन, सुकुमवासी तथा अव्यवस्थित बसोबासीका समस्या, गुनासा र लालपुर्जा वितरणको प्रक्रियाका विषयमा जानकारी लिन चितवन आएकी मन्त्री रावलले भरतपुर-११ गणेशस्थानका स्थानीयसँग छलफल गर्दै विगतमा लालपुर्जालाई राजनीतिक लाभसँग जोड्ने प्रवृत्तिका कारण वास्तविक पीडितले वर्षौंसम्म सास्ती भोग्नुपरेको आरोप लगाइन् ।

'लालपुर्जा वितरणलाई राजनीतिक दृष्टिकोणबाट नभई नागरिकको आधारभूत अधिकारका रूपमा हेर्नुपर्छ', उनले भनिन्, 'लालपुर्जा र राजनीतिलाई एकै ठाउँमा राखेर हेर्नुहुँदैन ।'

राज्यले दिनुपर्ने अधिकारलाई आश्वासनका रूपमा प्रस्तुत गर्नु उचित नभएको भन्दै उनले भूमिहीन, सुकुमवासी र अव्यवस्थित



बसोबासीले लालपुर्जा पाउनु उहाँहरूको नैसर्गिक र कानुनी अधिकार भएको बताइन् ।

मन्त्री रावलले भूमिहीन तथा सुकुमवासीलाई जग्गाधनी

*(बाँकी ५ पेजमा)*

## 'अब जनता भेट्न मन्त्री धाउनुपर्छ'

भरतपुर । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले मन्त्रीलाई भेट्न जनता धाउनुपर्ने परम्पराको अन्त्य गरी जनताका समस्या बुझ्न मन्त्री स्वयं जनतामाझ पुग्नुपर्ने बताएकी छन् ।

भरतपुर विमानस्थलमा पत्रकारसँग कुराकानी गर्दै मन्त्री रावलले सरकारले गरेका काम तथा आगामी योजनाबारे आमनागरिकलाई प्रत्यक्ष जानकारी दिन आफू चितवन आएको बताइन् ।

विशेषगरी भूमिहीन नागरिक र सहकारी पीडितका समस्या समाधानका लागि सरकारले अघि बढाएका पहलका विषयमा जानकारी गराउन भ्रमण गरिएको उनको भनाइ थियो ।

सरकारको प्राथमिकतामा भूमिहीन नागरिकको व्यवस्थापन र सहकारी पीडितको समस्या समाधान रहेको उल्लेख गर्दै मन्त्री रावलले समस्याग्रस्त सहकारीको बचत रकम फिर्ता गर्ने प्रक्रिया सुरु भइसकेको जानकारी दिइन् । उक्त कार्यलाई अझ प्रभावकारी र तीव्र रूपमा अघि बढाइने उनले बताइन् ।

बचतकर्ताको रकम फिर्ता नगर्ने सहकारी संस्थामाथि थप निगरानी र आवश्यक ताकेता गरिने उल्लेख गर्दै उनले जनताको गुनासो प्रत्यक्ष सुन्न सरकारको टोली नै गाउँबस्तीमा पुग्ने अभियान

*(बाँकी ५ पेजमा)*

## 'नारायणी तटबन्धको लागि बजेट सुनिश्चित गर्छु'

भरतपुर । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले भरतपुर र माडीका विभिन्न क्षेत्रमा पुगेर स्थानीयवासीसँग प्रत्यक्ष संवाद गर्दै उनीहरूका समस्या तथा गुनासा सुनेकी छन् ।



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) चितवनका सभापति इन्जिनियर मिनीमाधव खनालका अनुसार मन्त्री गौतमले विशेषगरी नारायणी नदीको तटीय क्षेत्रको स्थलगत अवलोकन गर्दै कटान प्रभावित बासिन्दासँग छलफल गरेकी थिइन् । अवलोकनका क्रममा उनले नदी कटानबाट प्रभावित क्षेत्रको अवस्था बुझ्दै समस्या समाधानका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएकी छन् ।

मन्त्री गौतमले नारायणी नदीका

*(बाँकी ५ पेजमा)*

## कात्तिकको दोस्रो साता राइनो दौड प्रतियोगिता हुने

नारायणगढ । राइनो क्लब, नारायणगढले यही कात्तिक १४




मा 'राइनो दौड प्रतियोगिता-२०८३' आयोजना गर्ने भएको छ। पाँच किलोमिटर दूरीको दौड गैँडाकोटस्थित जयश्री पुलबाट सुरू भई नारायणगढको लीलाचोकमा पुगेर समापन हुने प्रतियोगिताका संयोजक महेश प्रधानले बताए ।

उनका अनुसार प्रतियोगितामा महिला तथा पुरुष दुवै विधामा प्रतिस्पर्धा हुनेछ। दुवै विधाका विजेतालाई समान पुरस्कार प्रदान गरिने उनको भनाइ छ । प्रतियोगितामा प्रथम हुनेले १५ हजार, द्वितीय हुनेले १० हजार र तृतीय हुनेले पाँच हजार रुपैयाँ नगद पुरस्कारसहित ट्रफी र प्रमाणपत्र प्राप्त गरिने छ ।

त्यसैगरी, निर्धारित ३० मिनेटभित्र पाँच किलोमिटर दौड पूरा गर्ने सबै धावकलाई फिनिसर प्रमाणपत्र प्रदान गरिने प्रधानले बताए । ५० वर्षभन्दा माथिका भेट्रान धावकलाई समेत विशेष सम्मान गरिने प्रतियोगिताका सह-संयोजक

*(बाँकी ५ पेजमा)*


**न्यूज प्रवाह साप्ताहिक इ-पेपरमा**

login : www .newsprabah.com
https://newsprabah.com/e-paper/






## सुरक्षित यात्रा गरौं ।

❖ सवारी साधनको क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,

❖ सवारी साधनको छतमा बसेर यात्रा नगरौं,

❖ मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,



❖ बाढी, पहिरो तथा जोखिमपूर्ण सडकमा सवारी साधन चलाउँदा ध्यान दिऔं ।

**दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग

## सम्पादकीय

# पर्यटन प्रवर्द्धनमा ध्यान देऊ

नेपालीहरुको महान् पर्व दसैं सम्पन्न भइसकेको छ। अब तिहार, छठ, विभिन्न जात्रा, मेला र सांस्कृतिक उत्सवहरुको श्रृङ्खला सुरू हुने समय आएको छ। सामान्यतः असोजदेखि फागुनसम्म नेपालको ग्रामीण भूगोल कुनै न कुनै पर्व, मेला, धार्मिक अनुष्ठान र सांस्कृतिक गतिविधिले जीवन्त रहने गर्छ। यी पर्व र मेलालाई केवल सांस्कृतिक परम्पराको निरन्तरताका रुपमा मात्र होइन, ग्रामीण पर्यटन प्रवर्द्धनका महत्त्वपूर्ण आधारका रुपमा हेर्न आवश्यक छ। नेपालजस्तो पर्यटन सम्भावनाले भरिएको मुलुकका लागि ग्रामीण चाडपर्व र स्थानीय उत्सवहरु आर्थिक समृद्धिका प्रभावकारी माध्यम बन्न सक्छन्। नेपालका गाउँघरमा लाग्ने मेलाहरु मनोरञ्जनका साधनमात्र होइनन्, ती स्थानीय सभ्यता, इतिहास, संस्कृति, विश्वास र सामाजिक सम्बन्धका जीवित अभिलेख हुन्। यिनले समुदायलाई जोड्छन्, पुस्ताहरुबीच सांस्कृतिक हस्तान्तरण गराउँछन् र स्थानीय पहिचानलाई बलियो बनाउँछन्। पछिल्ला वर्षहरुमा युवाहरुको सक्रियतासँगै यस्ता मेलामा लोकदोहोरी, सांस्कृतिक कार्यक्रम, खेलकुद प्रतियोगिता, कृषि प्रदर्शनी तथा सिर्जनात्मक गतिविधिहरु थपिन थालेका छन्। यसले परम्परागत मेलाहरुलाई आधुनिक आकर्षणसँग जोड्दै पर्यटनको नयाँ सम्भावना सिर्जना गरेको छ।

विश्व पर्यटन दिवस मनाइरहँदा नेपालमा ग्रामीण पर्यटन विकासका लागि अनुकूल वातावरण तयार हुँदै गएको देखिएको छ। चाडपर्वको समयमा लाखौं नेपाली आफ्नो जन्मथलो फर्कने गर्छन्। पछिल्लो समय आन्तरिक पर्यटनको संस्कृति पनि विस्तार भइरहेको छ। मानिसहरु नयाँ ठाउँ हेर्न, स्थानीय परिकारको स्वाद लिन र मौलिक जीवनशैली अनुभव गर्न इच्छुक देखिन्छन्। यही प्रवृत्तिलाई व्यवस्थित ढङ्गले परिचालन गर्न सकियो भने ग्रामीण अर्थतन्त्रले नयाँ ऊर्जा पाउन सक्छ। तर, सम्भावनाले मात्रै सफलता हासिल हुँदैन। सम्भावनालाई योजनाबद्ध प्रयासमार्फत उपलब्धिमा रुपान्तरण गर्नु आवश्यक छ। नेपालसँग हिमाल, पहाड, तराई, धार्मिक सम्पदा, ऐतिहासिक स्थल, जैविक विविधता र सांस्कृतिक सम्पत्तिको अनुपम भण्डार छ। सगरमाथादेखि लुम्बिनीसम्म, रारादेखि खप्तडसम्म र मुस्ताङदेखि कञ्चनजङ्घासम्म विश्वलाई आकर्षित गर्ने गन्तव्य प्रसस्त छन्। तर, पर्यटन प्रवर्द्धन र पर्यटन उत्पादनको व्यवस्थापनमा अझै धेरै काम गर्न बाँकी छ।

विशेषगरी, नेपाल पर्यटन बोर्ड तथा सम्बन्धित निकायहरुले ग्रामीण पर्यटनलाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ। विदेशमा आयोजना हुने प्रवर्द्धनात्मक कार्यक्रममा सहभागिता जनाउनुले मात्र पर्यटन विकासको मापन हुन सक्दैन। त्यसको प्रतिफल, प्रभाव र उपलब्धिको स्पष्ट मूल्याङ्कन हुनुपर्छ। नेपालको वास्तविक शक्ति गाउँमा रहेको मौलिक संस्कृति, प्राकृतिक सौन्दर्य र स्थानीय आतिथ्यतामा छ। त्यसलाई विश्वसामु चिनाउने दीर्घकालीन रणनीति उत्तिकै आवश्यक छ। ग्रामीण पर्यटनको लाभ स्थानीय समुदायसम्म पुग्न सकेमात्र यसको अर्थ रहन्छ। मेलामा आउने पर्यटकले स्थानीय उत्पादन किन्ने, स्थानीय होटल तथा होमस्टे प्रयोग गर्ने, स्थानीय परिकार चाख्ने र हस्तकलाका सामग्री खरिद गर्ने वातावरण निर्माण गर्नुपर्छ। यसले किसान, घरेलु उद्यमी, महिला समूह र साना व्यवसायीको आम्दानी बढाउनेछ। पर्यटनलाई स्थानीय उत्पादनसँग जोड्न सकिए गाउँमै रोजगारी सिर्जना हुनेछ र युवाहरुको पलायन कम गर्न पनि मद्दत पुग्नेछ। यसका लागि पूर्वाधार विकाससँगै पर्यटन प्रवर्द्धनमा ठोस ध्यान, स्पष्ट नीति र प्रभावकारी कार्यान्वयनमा ध्यानकेन्द्रित गर्नु जरुरी देखिन्छ।

# सृष्टिमा होइन, दृष्टिमा हुन्छ दोष



प्रकृतिले सिर्जना गरेका हरेक वस्तु, जीव र संरचना आफ्नै विशेषता, सौन्दर्य र अस्तित्व बोकेर आएका हुन्छन्। हिमालको उचाइ, नदीको प्रवाह, वनको हरियाली, मरुभूमिको शुष्कता, फूलको रङ, चराको स्वर र मानव जीवनको विविधता सबै प्रकृतिका अनुपम सिर्जना हुन्। प्रकृतिले कुनै वस्तुलाई अनावश्यक वा निरर्थक ठानेर सिर्जना गरेको हुँदैन। तर, हामीमध्ये धेरैले कुनै वस्तु वा परिस्थितिलाई आफ्नो अपेक्षा, आवश्यकता र स्वार्थको चस्माबाट हेर्ने गर्छौं। त्यसैले कहिलेकाहीँ समस्या सृष्टिमा नभएर हाम्रो दृष्टिमा रहेको हुन्छ।

एउटै पहाड कसैका लागि अवरोध हुन सक्छ भने कसैका लागि पर्यटनको अधिक सम्भावना। एउटै नदी कसैका लागि बाढीको जोखिम हुन सक्छ भने कसैका लागि जीवन, ऊर्जा र सभ्यताको आधार पनि। जङ्गल कसैलाई उजाडेर खाली जमिन बनाएर बस्ती बसाल्नुपर्ने जस्तो लाग्न सक्छ भने कुनै अर्कोका लागि त्यही जङ्गल असङ्ख्य जीवको घर, पानीको स्रोत र पृथ्वीको प्राणवायुको संरक्षक हुन सक्छ। वस्तु एउटै हो, तर त्यसलाई हेर्ने दृष्टिकोण फरक छ। यही फरक दृष्टिले हाम्रो बुझाइ, व्यवहार र निष्कर्षको निर्धारण गर्ने गर्दछ।

हामी प्रायः प्रकृतिलाई आफूअनुकूल बनाउन खोज्छौं। नदी आफ्नो बाटोमा बगेको हामीलाई मन पर्दैन, त्यसलाई बाँधेर आफ्नो आवश्यकता पूरा गर्न चाहन्छौं। वन आफ्नै स्वरूपमा रहँदा हामीलाई पर्याप्त उपयोगी नलाग्न सक्छ, त्यसैले काठ, जमिन वा अन्य स्रोतका रूपमा प्रयोग गर्न खोज्छौं। पहाडलाई प्राकृतिक रूपमा छोड्नुको सट्टा सडक, भवन, खानी वा अन्य पूर्वाधारका लागि काट्न थाल्छौं। समुद्र, नदी, हिमाल, वन र जमिनलाई प्रकृतिका स्वतन्त्र अस्तित्वका रूपमा भन्दा आफ्नो आवश्यकता पूरा गर्ने साधनका रूपमा हेर्ने प्रवृत्ति बढ्दै गएको छ।

प्रकृतिको उपयोग मानवीय स्वभाव हो, आफैँमा गलत होइन। किनभने मानव सभ्यताको विकास पनि प्रकृतिसँगको सहकार्य र प्राकृतिक स्रोतको विवेकपूर्ण उपयोगबाटै सम्भव भएको हो। समस्या त्यतिबेला सुरु हुन्छ, जब उपयोग र दोहनबीचको सीमा मेटिन्छ। जब हामी प्रकृतिलाई आफ्नो इच्छाअनुसार चल्नुपर्ने वस्तु ठान्छौं, तब प्रकृतिले आफ्नो स्वाभाविक नियमअनुसार प्रतिक्रिया दिँदा हामी त्यसलाई दोष दिन थाल्छौं। बाढी आयो भने हामी नदीलाई दोष दिन्छौं, तर नदीको प्राकृतिक बहाव क्षेत्र मिचेर बनाइएका संरचनाबारे सोच्दैनौं।

पहिरो गयो भने पहाडलाई दोष दिन्छौं, तर अनियन्त्रित सडक निर्माण, वन विनाश र भू-उपयोगको गलत अभ्यासबारे प्रश्न गर्दैनौं। गर्मी बढ्यो भने मौसमलाई दोष दिन्छौं, तर वन विनाश, प्रदूषण र अत्यधिक प्राकृतिक स्रोत दोहनमा आफ्नो भूमिका खोज्दैनौं। यसरी हामी आफ्ना कर्मको परिणामलाई स्वीकार गर्नुको सट्टा सृष्टिलाई दोष दिएर आफूलाई निर्दोष देखाउने प्रयास गर्छौं।




- डा तेजबहादुर कार्की

## विचार

वास्तवमा प्रकृति हाम्रो इच्छा पूरा गर्ने सेवक होइन। प्रकृति आफ्नै नियम, सन्तुलन र प्रक्रियामा चल्छ। हामीले त्यसलाई बुझ्न र त्यससँग अनुकूल भएर अघि बढ्नुपर्छ। प्रकृतिलाई जित्ने होइन, प्रकृतिसँग सहअस्तित्व कायम गर्ने सोच आवश्यक छ।मानव जीवनमा पनि यही कुरा लागू हुन्छ।

हामी मानिसलाई पनि आफ्नो दृष्टिकोणअनुसार सुन्दर वा कुरूप, सक्षम वा कमजोर, सफल वा असफल भनेर वर्गीकरण गर्छौं। कसैको शारीरिक रूप हाम्रो सौन्दर्यको मापदण्डसँग मेल खाएन भने हामी उसलाई कम सुन्दर ठान्छौं। कसैको जीवनशैली हाम्रो सोचभन्दा फरक भयो भने उसलाई गलत ठान्छौं। फरक क्षमता भएको व्यक्तिलाई समाजले कहिलेकाहीँ उसको क्षमताभन्दा उसको सीमाबाट चिन्ने गर्छ। यहाँ पनि समस्या व्यक्तिमा मात्र होइन, उसलाई हेर्ने हाम्रो दृष्टिकोणमा हुन्छ।

सौन्दर्यको कुनै एउटै विश्वव्यापी मापदण्ड हुँदैन। हिमालको सौन्दर्य समुद्रको सौन्दर्यजस्तो हुँदैन, फूलको सौन्दर्य रूखको सौन्दर्यजस्तो हुँदैन र नदीको सौन्दर्य तालको जस्तो हुँदैन। त्यसैले त प्रत्येक मानिसको आफ्नै विशेषता हुन्छ। विविधता नै प्रकृतिको सौन्दर्य हो। यदि संसारमा एउटै रङ, एउटै आकार, एउटै आवाज र एउटै प्रकारका मानिस मात्र हुन्थे भने सृष्टि कति नीरस हुन्थ्यो होला ! तर आधुनिक समाजमा हामीले सौन्दर्यलाई पनि बजार र स्वार्थसँग जोड्न थालेका छौं। प्राकृतिक वस्तुमा पनि मूल्यको हिसाब खोज्छौं।

कुनै स्थान सुन्दर छ भने त्यसलाई पर्यटनको व्यापारसँग जोड्छौं। कुनै वनमा मूल्यवान् स्रोत छ भने त्यसलाई आर्थिक लाभसँग जोड्छौं। कुनै नदीबाट विद्युत् उत्पादन हुन सक्छ भने त्यसको प्राकृतिक अस्तित्वभन्दा आर्थिक सम्भावनालाई प्राथमिकता दिन्छौं। प्रकृतिको मूल्य केवल त्यसबाट कति पैसा कमाउन सकिन्छ भन्ने आधारमा मापन गर्न थाल्यौं भने हामीले प्रकृतिको वास्तविक मूल्य बुझ्न सक्दैनौं।

प्रकृति केवल स्रोत होइन, अस्तित्वको आधार पनि हो। नदी केवल पानी होइन; वन केवल काठ होइन; हिमाल केवल पर्यटनको दृश्य होइन; जमिन केवल सम्पत्ति होइन। यी सबैको आफ्नै पारिस्थितिक, सामाजिक, सांस्कृतिक र जीवनदायी मूल्य छ। हामीले आफ्नो स्वार्थ पूरा गर्न प्रकृतिको कुनै अंशलाई आफूअनुकूल प्रयोग गर्न पाएनौं भन्दैमा त्यो प्रकृति खराब हुँदैन।

कहिलेकाहीँ हाम्रो अपेक्षा र वास्तविकताबीचको दूरीले पनि हामीलाई सृष्टिप्रति असन्तुष्ट बनाउँछ। हामी जीवनमा सबै कुरा आफूले चाहेअनुसार होस् भन्ने चाहन्छौं। मौसम आफूअनुकूल होस्, मानिस आफूअनुकूल व्यवहार गरून्, प्रकृति आफूले चाहेको रूपमा उपलब्ध होस् र परिस्थितिले सधैँ हाम्रो पक्षमा काम गरोस् भन्ने अपेक्षा राख्छौं। तर जीवन र प्रकृतिको आफ्नै गति हुन्छ। हाम्रो इच्छाले मात्र संसार चल्दैन।

त्यसैले परिवर्तन गर्नुपर्ने पहिलो कुरा सृष्टि होइन, दृष्टि हो। यदि हामीले प्रकृतिलाई उपभोगको वस्तु होइन, सहयात्रीका रूपमा हेर्न थाल्यौं भने हाम्रो व्यवहार बदलिन्छ। यदि मानिसलाई उसको बाहिरी रूप, सम्पत्ति वा सामाजिक हैसियतबाट होइन, उसको मानवीय मूल्यबाट हेर्न थाल्यौं भने समाज बदलिन्छ। अनि फरकपनलाई कमजोरी होइन, विविधताको रूपमा बुझ्न थाल्यौं भने सम्बन्धहरू अझ सुन्दर हुन्छन्।

दृष्टिकोण परिवर्तन भएपछि त्यही संसार फरक देखिन्छ। वर्षामा कसैले हिलो र असुविधा देख्न सक्छ, अर्कोले जीवन दिने पानी देख्न सक्छ। शरद्को सुक्खा पातमा कसैले अन्त्य देख्न सक्छ, अर्कोले नयाँ जीवनका लागि प्रकृतिको तयारी देख्न सक्छ। पहाडको कठिन बाटोमा कसैले समस्या देख्न सक्छ, अर्कोले सम्भावना र साहस देख्न सक्छ। त्यसैले संसार सधैँ हामीले हेरेजस्तो मात्र हुँदैन; हामीले जसरी हेर्छौं, संसारको अर्थ पनि त्यसैअनुसार निर्माण हुन्छ।

हाम्रो सभ्यताको भविष्य पनि यही दृष्टिकोणमा निर्भर छ। प्रकृतिमाथि प्रभुत्व जमाउने अहंकारले हामीलाई दीर्घकालीन सङ्कटतर्फ लैजान सक्छ। प्रकृतिसँग सहअस्तित्वको दृष्टिले भने दिगो विकासको बाटो खोल्न सक्छ। विकासको अर्थ प्रकृतिलाई नष्ट गरेर संरचना थप्नु मात्र होइन, प्रकृतिको अस्तित्व जोगाउँदै मानव आवश्यकताबीच सन्तुलन कायम गर्नु पनि हो।

अन्ततः सृष्टिले हामीलाई विविधता दिएको छ, हामीले त्यसमा अर्थ खोज्ने दृष्टि पाएका छौं। त्यसैले सृष्टिको हरेक सिर्जनामा दोष खोज्नुभन्दा पहिले आफ्नो दृष्टिकोणलाई हेर्न आवश्यक छ। हामीले आफ्नो स्वार्थअनुकूल प्रकृतिलाई प्रयोग गर्न खोज्यौं, प्रकृतिले हाम्रो इच्छा पूरा गरेन भने त्यसलाई दोष दियौं भने दोष प्रकृतिको होइन, हाम्रो सोचको हुन सक्छ। प्रकृतिले आफ्नो काम गरिरहेकै हुन्छ। फूल फूलेकै छ, नदी बगेकै छ, हिमाल आफैँ उभिएकै छ, वन हुर्किएकै छ, ऋतुहरु फेरिइनै रहेका छन्। त्यसैले त चराचर जगतको जीवन निरन्तर अगाडि बढेको छ। प्रश्न यति मात्र हो– हामी यो सब जीवन र जगतलाई कसरी हेर्छौं।






# मुख्य सिजनमा पनि पर्यटकको चहलपहल सुस्त

भरतपुर। दसैंको लामो बिदा र मुख्य पर्यटकीय सिजन सुरु भए पनि सौराहालगायत चितवनका पर्यटकीय क्षेत्रमा पर्यटकको चहलपहल बढ्न सकेको छैन। यस सिजनमा पर्यटकीय क्षेत्र भरिभराउ हुने अपेक्षा गरिए पनि यसवर्ष पर्यटक आगमन सोचेजस्तो बढ्न सकेको छैन।

पर्यटन व्यवसायीले दसैंसँगै आन्तरिक तथा विदेशी पर्यटकको संख्या उल्लेख्यरूपमा बढ्ने अनुमान गरेका थिए, तर बाढीपहिरो र सडक



यातायातमा देखिएको अवरोधका कारण अपेक्षित चहलपहल देखिन नसकेको हो।

मुलुककै प्रमुख पर्यटकीय गन्तव्यमध्ये एक सौराहामा पर्यटकको उपस्थिति केही बढे पनि होटल तथा पर्यटन व्यवसायीले अपेक्षा गरेअनुसारको चाप नदेखिएको बताएका छन्।

विशेषगरी, भोटेकोशी र बूढीगण्डकी क्षेत्रमा आएको बाढी तथा मुग्लिन-नौबिसे सडकखण्डमा देखिएका पहिरोजन्य समस्याका कारण चितवन आउने पर्यटकको संख्या प्रभावित भएको व्यवसायीहरूको भनाइ छ।

होटल जंगल भिस्टाका सञ्चालक रमेश सिलवालले दसैंको समयमा सौराहामा उल्लेख्य भीड हुने अपेक्षा गरिए पनि वास्तविक आगमन त्यसअनुरूप हुन नसकेको बताए। उनका अनुसार पछिल्ला दिनमा होटल बुकिङ क्रमशः बढ्न थाले पनि व्यवसायीले आशा गरेजस्तो उत्साहजनक अवस्था भने सिर्जना भएको छैन।

केटिएम हस्पिटालिटी ग्रुपअन्तर्गत सञ्चालित होटल रोयल टुलिपका अध्यक्ष तथा प्रबन्ध निर्देशक रामेश्वर शाहले सडक पहुँचमा आएको अवरोधले पर्यटकीय गतिविधिमा प्रत्यक्ष असर पारेको बताए। दसैं र पर्यटकीय सिजनको सुरुवातसँगै व्यवसाय चलायमान हुने अपेक्षा गरिए पनि यातायात समस्याले पर्यटन क्षेत्रलाई चिन्तित बनाएको उनको भनाइ छ।

होटल जंगल क्राउनका सञ्चालक सन्तोष गिरीले पनि विगतका वर्षहरूमा जस्तो पर्यटकको उत्साहजनक आगमन यसपटक नदेखिएको बताए। उनका अनुसार आन्तरिक र विदेशी दुवै प्रकारका पर्यटकको संख्या अपेक्षाअनुसार वृद्धि हुन सकेको छैन।

सौराहाका होटल, रेस्टुरेन्ट तथा राप्ती नदीकिनारका क्षेत्रमा केही चहलपहल देखिन थालेको भए पनि घुम्न आउनेभन्दा बसाइँ लम्ब्याएर होटलमा रात बिताउने पर्यटकको संख्या कम रहेको व्यवसायीहरूको गुनासो छ। यसले गर्दा व्यवसायीले दसैंबाट अपेक्षा गरेको आर्थिक लाभ प्राप्त गर्न सकेका छैनन्।

सौराहामात्र होइन, पटिहानी, जगतपुर, मेघौली र गोलाघाटलगायत चितवनका अन्य पर्यटकीय क्षेत्रमा पनि पर्यटकको आगमन अपेक्षाभन्दा कम रहेको बताइएको छ। लामो बिदा र सिजनको सुरुवात भए पनि पर्यटकको संख्या सन्तोषजनक नहुँदा पर्यटन क्षेत्रले अपेक्षित गति लिन नसकेको व्यवसायीहरू बताउँछन्।

क्षेत्रीय होटल संघ चितवन-सौराहाका पूर्वअध्यक्ष सुमन घिमिरेका अनुसार सडक यातायात सहज हुन नसक्दा चितवनको पर्यटन क्षेत्रले पूर्णरूपमा लाभ लिन सकेको छैन। वन्यजन्तु अवलोकन, जीप सफारी, राप्ती नदीमा डुङ्गा सयर तथा प्राकृतिक सौन्दर्यका कारण पर्यटकको रोजाइमा रहेको चितवनमा यसपटक सडक समस्याले प्रतिकूल असर पारेको उनले बताए।

पर्यटन व्यवसायीहरूका अनुसार सडक अवरोध हटाएर यात्रालाई सुरक्षित, सहज र भरपर्दो बनाउन सके आगामी दिनमा पर्यटक आगमन बढ्ने अपेक्षा गर्न सकिन्छ। तर, हालका लागि भने दसैंको अवसरमा समेत पर्यटक आगमन अपेक्षाअनुरूप नबढ्दा सौराहाको पर्यटन व्यवसाय पूर्णरूपमा चलायमान हुन सकेको छैन।

सौराहा र आसपासका क्षेत्रमा करिब १५० होटल तथा ६० भन्दा बढी रेस्टुरेन्ट सञ्चालनमा छन्। हरेक वर्ष दसैं-तिहारको मौसम पर्यटन व्यवसायका लागि मुख्य आम्दानीको समय मानिने भए पनि यसपटक भने अपेक्षाभन्दा कम पर्यटक आगमनले व्यवसायीलाई निराश बनाएको छ।

# नेपाल-भारत क्रस बोर्डर टुरिजम कनेक्ट कार्यक्रम

भरतपुर। नेपाल-भारत क्रस बोर्डर टुरिजम कनेक्ट २०२६ कार्यक्रम आयोजना हुने भएको छ। गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसिसी) र समृद्ध चितवन अभियानको आयोजनामा कात्तिक




११ गतेसम्म कार्यक्रम आयोजना गर्न लागिएको हो।

कार्यक्रमका संयोजक एवं गैरआवासीय नेपाली संघ, अन्तर र्राष्ट्रिय समन्वय परिषद्का प्रवक्ता सोमनाथ सापकोटाका अनुसार नेपाल-भारत पर्यटन साझेदारी विस्तार गर्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको हो। 'सीमा जोड्दै, मित्रता बढाउँदै पर्यटन प्रवर्द्धन गर्दै' भन्ने नाराका साथ कार्यक्रम आयोजना गर्न लागिएको उनले बताए।

उनले भने, 'यस कार्यक्रमको मुख्य उद्देश्य भारतीय पर्यटन बजारमा नेपालको प्रभावकारी प्रवर्द्धन गर्नु, नेपाली र भारतीय पर्यटन व्यवसायीबीच प्रत्यक्ष व्यावसायिक सम्बन्ध स्थापित गर्नु तथा नेपालका पर्यटकीय गन्तव्यलाई अन्तरराष्ट्रिय पर्यटन सञ्जालसँग जोड्नु हो।'

भारतीय पर्यटकलाई नेपालका धार्मिक, आध्यात्मिक, सांस्कृतिक, प्राकृतिक, वन्यजन्तु तथा साहसिक पर्यटन गन्तव्यसँग जोड्न सके नेपालको पर्यटन क्षेत्रमा ठूलो सम्भावना सिर्जना गर्न सकिने सापकोटाको भनाइ छ।

उनले भने, 'नेपालको पर्यटन प्रवर्द्धन केवल प्रचार सामग्री वितरण गरेर मात्र सम्भव हुँदैन। भारतीय पर्यटन व्यवसायीलाई नेपालका गन्तव्यमा प्रत्यक्ष ल्याउने, होटल तथा रिसोर्ट सञ्चालकसँग भेट गराउने, सेवा र सुविधाबारे जानकारी दिने र व्यावसायिक साझेदारीका आधार तयार गर्ने काम आवश्यक छ। यही सोचका साथ यो कार्यक्रम आयोजना गरिएको हो।'

यहाँ आयोजना गर्ने कार्यक्रममा भारतका विभिन्न सहरका २१ जना पर्यटन व्यवसायी तथा प्रतिनिधिहरू सहभागी हुने उनको भनाइ छ। भारतीय पर्यटन व्यवसायीले नेपाली पर्यटन व्यवसायी, होटल तथा रिसोर्ट सञ्चालक र स्थानीय पर्यटन सरोकारवालासँग प्रत्यक्ष भेटघाट तथा व्यावसायिक छलफल गर्ने उनले जानकारी दिए। कार्यक्रममा व्यावसायिक भेटघाट, परिचयात्मक भ्रमण, पर्यटन प्याकेज निर्माण तथा भविष्यमा नियमित पर्यटक आवागमन बढाउने सम्भावनाबारे छलफल हुनेछ।

लुम्बिनी, रामग्राम, देवघाट, नवलपुर र चितवनलाई एउटै पर्यटन सर्किटमा जोड्ने लक्ष्य राखिएको उनले बताए। विशेषगरी, भरतपुर महानगरपालिका, कपिलवस्तु नगरपालिका, लुम्बिनी सांस्कृतिक नगरपालिका, तिलोत्तमा नगरपालिका, देवदह नगरपालिका र रामग्राम नगरपालिकालगायत क्षेत्रलाई पर्यटन सञ्जालमा जोड्दै क्षेत्रीय पर्यटन सहकार्य विस्तार गर्न सकिने सापकोटाले बताए।

# स्वास्थ्य/खेलकुद



## चिसो मौसममा देखिने रोग र बच्ने उपाय

मौसम परिवर्तनसँगै अहिले केही चिसोपनाको अनुभव हुँदै आएको छ। बिहानी हुस्सु र दिउँसोको घामले मौसम अब परिवर्तन हुँदै जान थालेको भान हुँदैछ। तर वातावरणसँगै हाम्रो शरीरमा के कस्ता प्रभाव पर्छन् अनि त्यस कारण स्वास्थमा के कस्ता असर पर्न सक्छन् त भन्ने कुरामा हामी सजक हुन पर्दछ। गर्मी मौसममा देखिने रोगहरु र जाडो मौसममा देखिने रोग केही फरक हुने गर्दछ। गर्मी मौसममा बिशेषत ज्वरो (भाइरल ज्वरो, टाइफाइड, डेंगु आदि), छालाको रोगहरु, आँखाका संक्रमण, मौसमी फ्लूका बिरामी बढी मात्रामा देखिने गर्दथ्यो।

तर अब चिसो मौसम बढ्दै जाँदा चिसो मौसममा देखिने र पहिले भएका दीर्घकालिन बिरामीमा संक्रमणको जोखिम बढ्दै जाने गर्दछ। यो लेखमा चिसो मौसममा देखिने रोग र यसबाट कसरी बच्न सकिन्छ भन्ने बारे केही जानकारी दिने प्रयास गरिएको छ।




**१. सामान्य मौसमी रुघाखोकी**

चिसोसँगै रुघा लाग्ने, खोकी लाग्ने बिरामीको संख्या बढ्दै गएको छ। यो मौसमी फ्लू भएका हुनाले केहिदिनको अन्तरालमा आफैं निको हुने र गाह्रो भएको खण्डमा केही एलर्जी हटाउने औषधि र ज्वरो देखा परेमा प्यारासिटामोल मात्रै लिन सकिन्छ। यस्तो अबस्थामा चिकित्सकको सल्लाह बिना र अन्य संक्रमण नभएको अवस्थामा एन्टिबायोटिक्स औषधिको प्रयोग आवश्यक पर्दैन।

**२. दम** (COPD & Asthma)

माथी प्रयोग भएका शब्दावली COPD भन्नाले चुरोट वा धुँवाको कारणले दीर्घकालीन रुपमा फोक्सो बिग्रेको अबस्थामा लाग्ने दम भन्ने बुझाउँछ र Asthma भन्नाले कुनै पनि एलर्जीले हुने दम भन्ने बुझाउँछ। यस्ता रोग लागेका बिरामी वर्गले चिसो मौसममा विशेष ध्यान पुऱ्याउन नसकेको खण्डमा छातीको संक्रमणको जोखिम बढ्ने गर्दछ। निमोनिया, ब्रोन्काइटिस जस्ता रोग लागी अस्पतालमा भर्ना हुनु पर्ने अवस्था आउन सक्दछ भने कहिले काँही छातीको गम्भीर संक्रमणले ज्यान पनि जान सक्दछ। दम भएका बिरामीले आफूलाई न्यानो राख्ने, तातो पानीको सेवन गर्ने, आफूले दमका लागि प्रयोग गर्दै आएका औषधिको नियमित सेवन, चिकित्सकसँग निरन्तर सम्पर्कमा बस्नुपर्दछ।

**३. घाँटी तथा माथिल्लो श्वासनलीका संक्रमण**

चिसो समयमा घाँटी तथा माथिल्लो श्वासनलीका संक्रमणहरु सामान्यतया धेरै नै देखिन्छ। टन्सिल संक्रमण हुनेदेखि श्वासनलीमा संक्रमण हुने हुँदा बिरामीलाई घाँटीमा दुखाइ हुने, निल्न गाह्रो पर्ने, खोकी लाग्ने, रुघा लाग्नेदेखी कहिलेकाहीँ ठूलै संक्रमणसम्म देखा पर्ने हुन सक्दछ। त्यस्तो समस्या आएमा चिकित्सकको सल्लाहमा सामान्यदेखि कहिलेकाहीँ एन्टिबायोटिकको सेवन पनि आवश्यकता पर्दछ।

**४. फ्रोस्ट बाइट**

फ्रोस्ट बाइट अर्थात शीतदंश/तुषारागात। अत्यधिक चिसोको सम्पर्क मा हाम्रो शरीर आउँदा शरीरमा भएको तातोपना कम हुँदै जाने र अनन्त चिसोबाट शरीरका भागहरु जम्ने समस्या तुषारागात हो। यो विशेषगरी औंलाहरुमा, नाकमा, कानमा देखिने गर्दछ। यसबाट बच्न चिसो मौसममा हात गोडामा मोजा पन्जा लगाउने, न्यानो टोपी कपडा लगाउने र अत्यन्त जरुरी नपर्दासम्म घर बाहिर ननिस्कने गर्नु पर्दछ।

**५. जोर्नी दुख्ने समस्या**

जोर्नीमा हुने समस्या जस्तै बाथ (Rheumatoid Arthritis) का रोगीहरुले विशेषत जाडो मौसममा झनै बढी ध्यान दिन आवश्यक हुन्छ। बाथ रोग लागी औषधिको सेवन गरि रहेका बिरामीमा चिसोको कारण दुखाइ बढ्ने जोर्नी सुन्निने समस्या बढेर जान सक्छ। त्यसकारण त्यस्तो बिरामी वर्गले आफूलाई चिसोबाट बचाउन विशेष ध्यान दिनु पर्दछ।

भरतपुर महानगरपालिका
नगर कार्यपालिका कार्यालय
भरतपुर, चितवन

सूचना ! सूचना !! सूचना !!!

भरतपुर महानगरपालिकालाई देशकै सुन्दर, समृद्ध र सुसंस्कृत सहर बनाउने जिम्मेवारी तथा दायित्व तपाई हामी सबै सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरु, नागरिक समाज एवं हामीसबै महानगरवासीको हो । महानगरपालिकाले भौतिक विकासका साथसाथै महानगरपालिकालाई हरियाली, बातावरण अनुकुलीत महानगर बनाउनको लागि विगत वर्षदेखि हरियाली एवं वृहत्तर सरसफाई कार्यलाई समुदायस्तरबाट अभियानको रुपमा सुरुवात गरी निरन्तरता दिइआएको छ । यस महानगरपालिका अन्तर्गत सिर्जित सबै किसिमका फोहोरमैलालाई महानगरपालिकाबाट तोकिएको समयमा जनताका घर, घरबाट नै संकलन तथा उचित व्यवस्थापन हुँदै आएको छ ।

यद्यपी सार्वजनिक स्थलहरुमा फोहोर फाल्ने, सडकका दायाँ बायाँ रोपिएका विरुवाहरु उखल्ने, सुर्तिजन्य तथा खाद्य पदार्थहरुको खोलहरु यत्रतत्र फाल्ने, लुकिछिपी घरबाट निस्कने फोहोरमैलाहरु आफ्नो घरआँगन भित्र नराखी सडक किनारमा फाल्ने, सार्वजनिक स्थलमा निर्माण सामाग्रीहरु थुपार्ने, सार्वजनिक संस्थाहरुबाट समेत निर्माण कार्यसम्पन्न पश्चात पनि विद्युतका पोलहरु, दुरसञ्चार तथा इन्टरनेट केवल तारजन्य सामाग्रीहरु सडकपेटीमा राखे प्रवृत्ति देखिएकोले उक्त कार्यहरु नगर्नु नगराउनु हुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ । अब उप्रान्त अनुगमनका क्रममा माथि उल्लेखित गतिविधि देखिएमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ मा उल्लेख भएअनुसारको कसुर मानी दफा ३९ बमोजिम रु. ५ हजार देखि रु. १ लाखसम्मको जरिवाना र सजायका साथै भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम जरिवानासमेत स्थलगत रुपमा यस कार्यालयबाट खटिएका नगर प्रहरी लगायतका कर्मचारी मार्फत असुलउपर गरी प्रचलित ऐन, कानून बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा संम्बन्धित सबैका लागि जानकारी गराइएको छ ।

भरतपुर महानगरपालिका
वातावरण तथा विपद व्यवस्थापन महाशाखा

# गैंडा संरक्षणमा योगदान गर्दै चितवन राइनोज

भरतपुर । चितवनको पहिचानसँग जोडिएको दुर्लभ एकसिङ्गे गैंडाको संरक्षणमा क्रिकेट क्लब चितवन राइनोजले सहकार्य गर्ने भएको छ। क्लबले आफ्नो आधिकारिक टिसर्ट तथा अन्य प्रचार सामग्रीको बिक्रीबाट प्राप्त आम्दानीको पाँच प्रतिशत रकम गैंडा संरक्षण अभियानमा खर्च गर्ने घोषणा गरेको हो ।

नेपाल प्रिमियर लिग (एनपिएल) मा सहभागी हुँदै आएको चितवन राइनोजले क्रिकेट प्रवर्द्धनसँगै वातावरण तथा वन्यजन्तु संरक्षणलाई पनि प्राथमिकतामा राख्दै आएको जनाएको छ। क्लबका अध्यक्ष आयुष न्यौपानेले चितवन र क्लबको पहिचान नै गैंडासँग जोडिएकाले यसको संरक्षणमा योगदान गर्नु आफ्नो सामाजिक दायित्व रहेको बताए ।

'हाम्रो नाम र पहिचान गैंडासँग जोडिएको छ। त्यसैले यसको संरक्षणमा प्रत्यक्ष योगदान पुर्‍याउने उद्देश्यले यो अभियान सुरु गरेका हौं', उनले भने ।

चितवन राइनोजले सुरुदेखि नै आफ्नो लोगो तथा प्रचार सामग्रीमा एकसिङ्गे गैंडाको प्रतीक प्रयोग गर्दै संरक्षणसम्बन्धी सन्देश प्रवाह गर्दै आएको छ। चितवन मेडिकल कलेजको भगिनी संस्थाका रूपमा स्थापित क्लबले क्रिकेटमार्फत चितवन र यहाँको जैविक सम्पदालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउन योगदान पुर्‍याइरहेको छ ।

पर्यापर्यटनका दृष्टिले विश्वप्रसिद्ध चितवन राष्ट्रिय निकुञ्ज र त्यहाँ पाइने दुर्लभ एकसिङ्गे गैंडालाई क्रिकेटसँग जोडेर विश्वमञ्चमा परिचित गराउने उद्देश्यले क्लबले निरन्तर गतिविधि सञ्चालन गर्दै आएको छ ।

क्लबका निर्देशक प्रताप देवकोटाका अनुसार पहिलो संस्करणको एनपिएलमा चौथो स्थान हासिल गरेको चितवन राइनोज दोस्रो संस्करणमा सातौं स्थानमा सीमित भएको थियो । यसपटक भने उपाधि जित्ने लक्ष्यसहित टोली मैदानमा उत्रिने तयारीमा रहेको उनले बताए ।

चितवन राइनोजको समर्थनमा जिल्लाका विभिन्न स्थानमा खेल प्रत्यक्ष प्रसारणको व्यवस्था मिलाइएको छ । वीरेन्द्र क्याम्पस चौर, विशालचोक, चितवन स्पाइसी हर्बल तथा अन्य सार्वजनिक स्थलहरूमा समर्थकले सामूहिकरूपमा खेल हेर्न सक्ने व्यवस्था गरिएको क्लबले जनाएको छ ।

क्रिकेटसँगै सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई पनि प्राथमिकतामा राख्दै आएको क्लबले विभिन्न स्थानीय खेलकुद संस्थालाई सहयोग गर्नुका साथै विपद् प्रभावितलाई राहत उपलब्ध गराउने कार्यमा समेत सहभागिता जनाएको छ। सांस्कृतिक तथा सांगीतिक कार्यक्रमहरूमा समेत क्लबले प्रायोजन र सहकार्य गर्दै आएको निर्देशक देवकोटाले बताए ।

'हामी क्रिकेटको प्रवर्द्धनसँगै गैंडा संरक्षण र सामाजिक उत्तरदायित्वका क्षेत्रमा पनि सक्रिय छौं', उनले भने ।

जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीले देशका प्रमुख फ्रेन्चाइज क्रिकेट क्लबमध्ये चितवनको प्रतिनिधित्व हुनु जिल्लाका लागि गौरवको विषय भएको बताए। चितवनको नाममा स्थापित क्लबले जिल्लाको पहिचान राष्ट्रियस्तरमा फैलाउने काम गरिरहेको उनको भनाइ छ ।

उनले खेलकुदले युवापुस्तालाई अनुशासित र सकारात्मक दिशातर्फ अग्रसर गराउने उल्लेख गर्दै यस्ता क्लबले खेल संस्कृतिको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने बताए ।

एनपिएलको सिजन सुरु भएसँगै चितवनका होटल, रेष्टुरेन्ट तथा सार्वजनिक स्थलमा क्रिकेट माहोल बढेको देखिन्छ। सडक किनार, व्यापारिक प्रतिष्ठान तथा सार्वजनिक क्षेत्रहरूमा चितवन राइनोजका झण्डा र लोगोले जिल्लालाई खेलमय बनाइरहेका छन् ।

आजबाट सुरु भएको एनपिएलको तेस्रो संस्करणमा उपाधि विजेताले रु. १ करोड ५० लाख तथा उपविजेताले रु. ८० लाख पुरस्कार प्राप्त गर्ने व्यवस्था रहेको नेपाल क्रिकेट संघ (क्यान) ले जनाएको छ। यस संस्करणलाई अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) ले पहिलोपटक अन्तर्राष्ट्रिय मान्यता प्रदान गरेको छ, जसले प्रतियोगिताको प्रतिष्ठा थप उचो बनाएको छ ।

व्यवसाय प्रवर्द्धनका लागि विज्ञापन

व्यवसाय प्रवर्द्धनका लागि विज्ञापन गर्न आवश्यक पर्ने हुनाले अति सर्वसुलभ मूल्यमा गर्नुपरेमा सम्झनुहोस । पत्रपत्रिका तथा अनलाइनमा हामी तपाईलाई अति सस्तो दरमा विज्ञापन गर्नेछौं साथै छपाईसम्बन्धी सम्पूर्ण कामको लागि पनि हामी यहाँहरुको सेवामा तत्पर छौं ।

एकपटक सेवा गर्ने मौका दिनुहोस ।

सम्पर्क ः

९८४५०६७४१४, ९८२७२०१७१४

बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.

भरतपुर, चितवन, मो. ९८४५०६७४१४

हाम्रा सेवाहरू :

ना ४२ प १९९७

नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ्ग कार्ड
बिल/रसिद | विवाह कार्ड | नाईलन छाप
कम्प्युटर टाईपिङ | बुक सेटिङ्ग/छपाई | म्यागजिन डिजाईन

यहाँ नम्बर प्लेट बनाइन्छ ।

पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ... ।

# फिल्म/मनोरञ्जन



## "कबड्डी ५" बन्यो दुई दिनमै सुपरहिट

काठमाडौं। देशकै सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले फिल्म 'कबड्डी ५'लाई प्रदर्शनको दुई दिनमै 'सुपरहिट' घोषणा गरेको छ। क्यूएफएक्सले आइतबार बिहान आफ्नो वेबसाइटमार्फत फिल्मलाई 'सुपरहिट'को ट्याग दिएको हो । यसको अर्थ फिल्मले क्यूएफएक्स चेनमा दुई दिनमा डेढ करोडमाथिको व्यापार गरेको छ ।

क्यूएफएक्सले आफ्ना हलमा कुनै फिल्मले एक सातामा १ करोड ५० लाख रुपैयाँ बराबरको कमाइ गरे त्यसलाई 'सुपरहिट'को मान्यता दिने गरेको छ। यस वर्ष 'गौंथली' र 'पेन्सन पट्टा'पछि 'सुपरहिट'को ट्याग पाउने 'कबड्डी ५' तेस्रो फिल्म हो । सम्भवतः प्रदर्शनको दुई दिनमै क्यूएफएक्सबाट कुनै नेपाली फिल्मले 'सुपरहिट'को मान्यता पाएको यो पहिलो पटक हो ।

कात्तिक ६ गते अर्थात् दसैंको टीकाको पर्सिपल्टबाट प्रदर्शनमा आएको 'कबड्डी ५'ले अग्रिम बुकिङबाटै बक्स अफिसमा सुनामी ल्याउने संकेत गरेको थियो । फिल्मका एक सयभन्दा बढी शो अग्रिम बुकिङमै हाउसफुल भएका थिए। 'डोर सेल' पनि उत्साहजनक हुँदा फिल्मले १ करोड ५० लाखमाथिको विष्फोटक ओपनिङ गर्‍यो, जुन यस वर्षकै सबैभन्दा ठूलो ओपनिङ हो ।

दोस्रो दिन शनिबार फिल्मको शोमा उल्लेख्य वृद्धि हुँदा व्यापारमा झनै उछाल देखियो। शनिबार फिल्मले १ करोड ७० लाख रुपैयाँ हाराहारी कमाइ गरेको जनाइएको छ। योसँगै फिल्मको दुई दिनको व्यापार तीन करोड नाघेको छ। आइतबार पनि देशभर फिल्मको अकुपेन्सी उच्च रहेकाले तीन दिनमा चार करोडको आँकडा पार हुने देखिन्छ ।

फिल्म प्रदर्शनमा आएदेखि अभिनेता दयाहाङ राईले पोखरेली दर्शकसँग प्रत्यक्ष भेट गरिरहेका छन्। पूर्वी नेपालमा विपिन कार्की र कमलमणि नेपालले प्रचारको मोर्चा सम्हालेका छन्। निर्देशक रामबाबु गुरुङसहित विजय बराल, बुद्धि तामाङ, सिर्जना गुरुङ, पुष्कर गुरुङलगायतका कलाकारले भने काठमाडौंमा विभिन्न हलमा पुगेर दर्शकको प्रतिक्रिया बुझिरहेका छन् ।




बाँसुरी फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्ममा रिश्मा गुरुङ, मिरुना मगर, माओत्से गुरुङ, शिशिर बाङ्देल, कविता आले, अरुणा कार्की, रमेश बज्राचार्य, हरि मिजार, पञ्च सुब्बा गुरुङ, प्रमिला राई, ज्ञानु जोशीलगायतका कलाकारहरूको पनि अभिनय रहेको छ। फिल्ममा रामबाबु गुरुङ, मणिराम पोखरेल, मधु मिजार र विशाल गुरुङ निर्मातामा छन् ।

## "जेलर २" सात दिनमै ५४९ करोडको व्यापार

काठमाडौं । तमिल सुपरस्टार रजनीकान्तको मुख्य भूमिका रहेको फिल्म 'जेलर २'ले व्यापारिक रूपमा नयाँ कीर्तिमान कायम गरेको छ। निर्माण कम्पनी सन पिक्चर्सका अनुसार पहिलो सात दिनमा फिल्मले विश्वव्यापी ५४९ करोड भारुभन्दा बढी कमाइ गरेको छ। यो तमिल फिल्म इतिहासकै पहिलो साताको सर्वाधिक कमाइ रहेको कम्पनीको दाबी छ ।



'जेलर २'को पहिलो साताको विश्वव्यापी कमाइ सार्वजनिक गर्दै सन पिक्चर्सले बिहीबार ट्विटर (एक्स)मा एक पोस्ट गर्दै लेखेको छ, 'कीर्तिमान बनाउने र कीर्तिमान तोड्ने फिल्म। विश्वव्यापी रूपमा ५४९ करोड भारुभन्दा बढी कमाइ। तमिल सिनेमाको इतिहासमै पहिलो साताको सर्वाधिक कमाइ। 'जेलर २' उद्योगकै ठूलो ब्लकबस्टर ।'

अक्टोबर १५ देखि प्रदर्शनमा आएको 'जेलर २' अब पहिलो भागको व्यापारिक रेकर्ड तोड्ने दौडमा छ। सन् २०२३ मा प्रदर्शन भएको 'जेलर'ले भारतमा ३४८ र विश्वव्यापी ६०४ करोडको व्यापार गरेको थियो। 'जेलर २'ले भने पहिलो सात दिनमै भारतमा ३२३ करोड नेट कमाइ गरिसकेको छ। यही गति कायम रहे फिल्मले केही दिनमै पहिलो भागको कमाइलाई उछिन्ने देखिन्छ ।

नेल्सन दिलीपकुमारको निर्देशन रहेको फिल्ममा रजनीकान्तसहित रम्या कृष्णन, एसजे सूर्या, विद्या बालन र योगी बाबुको मुख्य भूमिका छ। अतिथि भूमिकामा मोहनलाल, ज्याकी श्राफ, ऋतिक रोशन, विजय सेतुपति, मिथुन चक्रवर्तीलगायतले अभिनय गरेका छन्। फिल्मका एक्सन दृश्य, रजनीकान्तको दमदार उपस्थिति र हास्य पक्षलाई दर्शकले रुचाएका छन्। -फिल्मीखबरबाट ।

विज्ञापन गर्नु परेमा

सम्पर्क :
९८४५०६७४१४
९८२७२०१७१४

Cell: 9845067414

B. & B. Media Network [P.] Ltd.

Bharatpur, Chitwan

Remember for :

Visiting card | Wedding card | Number Plate
Color Print | Nylon Stamp | Bill/Receipt
Computer Design | Flex/Photo Print | All kinds of Printing Job

## 'नारायणी ...

दुवै किनारका बस्तीको सुरक्षाका लागि तटबन्ध निर्माण, कटान नियन्त्रण तथा आवश्यक बजेट व्यवस्थापनका विषयमा विशेष चासो व्यक्त गरेकी थिइन् । कटानको उच्च जोखिम रहेका क्षेत्रमा तत्काल काम अघि बढाउन र दीर्घकालीन समाधानका लागि योजनाबद्ध रूपमा अघि बढ्नुपर्नेमा उनले जोड दिएकी बताइएको छ ।

स्थानीयवासीले भने बस्तीको सुरक्षालाई प्राथमिकतामा राख्दै नारायणी कटान नियन्त्रणका बाँकी काम शीघ्र सम्पन्न गर्नुपर्ने माग राखेका थिए । जवाफमा मन्त्री गौतमले नारायणी तटबन्धको बाँकी काम सङ्घीय आयोजनाअन्तर्गत विज्ञ इन्जिनियरको निगरानीमा अघि बढाइने तथा त्यसका लागि आवश्यक बजेट सुनिश्चित गरिने बताएकी थिइन् ।

उनले विकास र जनसरोकारका मुद्दामा राजनीतिक प्रतिस्पर्धाभन्दा माथि उठेर गाउँबस्ती जोगाउन तथा साझा हितका काम अघि बढाउन सबै पक्ष एकजुट हुनुपर्ने आवश्यकता औँल्याइन् ।

यसै क्रममा मन्त्री गौतमले माडी नगरपालिकाका विभिन्न स्थानको समेत अवलोकन गरी स्थानीयवासीका समस्या र गुनासा सुनेकी थिइन् । निकुञ्ज तथा वन क्षेत्रका बाटो, खोला कटान तथा अन्य स्थानीय समस्याबारे जानकारी लिँदै उनले प्राथमिकताका आधारमा समाधानका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरेकी छन् ।

## लालपूर्जा ...

प्रमाणपूर्जा वितरणमा रहेका नीतिगत तथा कानुनी अवरोधहरू सरकारले अध्यादेशमार्फत हटाइसकेको जानकारी दिँदै अब कार्यान्वयनलाई तीव्र बनाउन स्थानीय तह र भूमि समस्या समाधानसम्बन्धी संयन्त्र सक्रिय हुनुपर्ने बताइन् ।

उनले भनिन्, 'अब नीतिगत रूपमा लालपुर्जा वितरण रोकिएको अवस्था छैन । कानुनी जटिलता समाधान भइसकेको छ । अब सम्बन्धित निकायहरूले प्रक्रियालाई छिटो, प्रभावकारी र परिणाममुखी बनाउनुपर्छ ।'

लालपुर्जा वितरणमा भएको लामो ढिलाइका कारण हजारौँ भूमिहीन परिवार अनिश्चितता र असुरक्षाबीच बाँच्न बाध्य भएको उल्लेख गर्दै मन्त्री रावलले सरकार सो समस्या समाधानलाई प्राथमिकतामा राखेर अघि बढिरहेको बताइन् । उनले वास्तविक लाभग्राहीलाई यथाशीघ्र लालपुर्जा उपलब्ध गराउने प्रतिबद्धता दोहोऱ्याइन् ।

छलफलका क्रममा स्थानीयवासीहरूले जग्गा नापजाँच, स्वामित्व निर्धारण, लालपुर्जा वितरणको ढिलाइ तथा बसोबाससँग सम्बन्धित विभिन्न समस्या मन्त्रीसमक्ष राखेका थिए ।

स्थानीयले सरकारले समस्या समाधानतर्फ चासो देखाएको भन्दै सकारात्मक अपेक्षा व्यक्त गरेका थिए ।

मन्त्री रावलले चितवनका सबै स्थानीय तहमा पुगेर भूमिहीन, सुकुमवासी तथा अव्यवस्थित बसोबासीको वास्तविक अवस्था बुझ्ने र उनीहरूका गुनासा प्रत्यक्ष सुन्ने कार्यक्रम रहेको जानकारी दिइन् । प्राप्त सुझाव तथा समस्याका आधारमा सम्बन्धित निकायसँग समन्वय गरी समाधान प्रक्रिया अघि बढाइने उनको भनाइ थियो ।

'समस्या सुन्नका लागि जनता मन्त्रालय धाउनुपर्ने अवस्था अन्त्य हुनुपर्छ', उनले भनिन्, 'सरकार स्वयं नागरिकमाझ पुगेर समस्या बुझ्ने र समाधान खोज्ने दिशामा अघि बढिरहेको छ ।'

## 'अब ...

सञ्चालन गरिएको बताइन् । 'धेरै समयदेखि बचतकर्ताहरू पीडामा हुनुहुन्छ । उहाँहरूको रकम सकेसम्म छिटो फिर्ता हुनुपर्छ', मन्त्री रावलले भनिन् ।

उनले भनिन्, 'सरकारले जनताको हितमा के काम गरिरहेको छ, आगामी कार्ययोजना के छन् भन्ने विषयमा नागरिकलाई स्पष्ट जानकारी दिन आवश्यक छ। त्यसका लागि जनतामाझ पुगेर संवाद गरिरहेका छौँ ।'

भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई हाल बसोबास गरिरहेको स्थानबाट विस्थापित गरिने आशंकाप्रति पनि मन्त्री रावलले प्रष्ट पारिन् । त्यस्तो नहुने उल्लेख गर्दै उनले कानुनी जटिलताका कारण रोकिएका कामलाई आवश्यक सुधारमार्फत अगाडि बढाइएको बताइन् ।

लामो समयदेखि बसोबास गर्दै आएका नागरिकलाई सोही स्थानमा जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउने क्रममा रहेका कानुनी तथा प्रशासनिक बाधा हटाउँदै सरकारले प्रक्रिया अघि बढाएको उनको भनाइ थियो ।

'आवश्यक नीतिगत सुधारका काम सम्पन्न भइसकेका छन्', मन्त्री रावलले भनिन्, 'अब कार्यान्वयनका क्रममा देखिने समस्यासमेत समाधान गर्दै सरकार परिणाममुखी ढङ्गले अघि बढ्नेछ ।'

## कार्त्तिकको ...

रोहित श्रेष्ठले जानकारी दिए । प्रतियोगितामा सहभागी हुन १८ वर्ष उमेर पूरा भएका नेपाली नागरिकले नाम दर्ता गर्न सक्ने छन् । दर्ता शुल्क २०० रुपैयाँ तोकिएको छ ।

प्रतियोगिताका सल्लाहकार राजु श्रेष्ठले राइनो क्लबले विगतमा नारायणगढ तथा आसपासका क्षेत्रमा दौडलगायत विभिन्न खेलकुद गतिविधि सञ्चालन गर्दै आएको बताए । विसं २०३७ सालदेखि सञ्चालन हुँदै आएको दौड प्रतियोगिताले विभिन्न कारणले निरन्तरता पाउन नसकेपछि यस वर्षदेखि पुनः सञ्चालन गर्न लागिएको उनको भनाइ छ ।


विज्ञापन गर्नु परेमा
सम्पर्क :
९८४५०६७४१४
९८२७२०१७१४











### महत्वपूर्ण टेलिफोन नम्बरहरू

**आकस्मिक एम्बुलेन्स सेवा**

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६१३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैंडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैंडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

**अस्पताल काठमाडौं**

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

**अस्पताल चितवन**

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

**प्रहरी प्रशासन**

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैंडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

**पत्रपत्रिका/सञ्चार**

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

## न्यूजप्रवाह साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष**: यो सातामा शुभकार्यको चर्चा चल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । मनमा उत्साहका साथै बोली बिक्ने समय छ । नसोचेको ठाउँबाट धनागम हुनेछ । आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ, तर स्वास्थ्य प्रति चैं सावधानी अपनाउनुपर्छ ।

**वृष**: यो सप्ताह धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । प्रेममा मधुरता छाउला । आँटेको र ताकेको कार्य पुरा होला । साताको उत्तरार्धबाट आर्थिक कारोबारमा मन्दी आउनेछ ।

**मिथुन**: यो साता लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय रहेको छ । रोकिएको काम दोहोर्याएर प्रयत्न गर्दा सफलता मिल्नेछ । साताको अन्त्यमा व्यस्तता बढ्नुका साथै स्वास्थ्यप्रति सजगता अपनाउनु होला ।

**कर्कट**: यो साता शुभ कार्यको योजना बन्नेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । सेयरको कारोबारमा फाइदा पनि बढ्न सक्छ । साताको अन्त्यमा अनावश्यक ठाउँमा धन खर्च होला ।

**सिंह**: यो साता स्वास्थ्यमा समस्या हुनसक्छ, त्यसैले सङ्क्रमणबाट आफू पनि बच्ने र अरूलाई पनि बचाउन सहयोग गर्नु होला । महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला, तर आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । बुधवारबाट साथी भाइको भेटघाटले मन प्रसन्न रहला ।

**कन्या**: यो साता विपरित वर्गबाट विशेष सहयोग मिल्ने र शुभ कार्यको योजना बन्नेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ । साताको मध्यमा सरकारी निकायको भय रहला ।

**तुला**: यो साता कुनै कुराले मनमा शान्ति छाउनेछ । रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । विज्ञान र प्राविधिक कार्य अघि बढ्नेछ । मान प्रतिष्ठामा वृद्धि होला । प्रेम जीवन सबल र सफल हुनुका साथै आम्दानीका नयाँ स्रोत बढ्नेछन् ।

**वृश्चिक**: यो सप्ताहमा सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । दैनिक कार्य र पढाइमा प्रगति नै हुनेछ । रमणीय र सुखद यात्राको योग छ । राजनीतिक कार्यमा सफलता मिल्नेछ । नयाँ कार्यको अवसर मिल्नेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**धनु**: यो साताको सुरुका दिनमा दबाब र तनाव बढेको महसुस हुनेछ र केही अप्ठयारा परिस्थितिको सामना गर्नुपर्ला । मन भावुक र उत्ताउलो बन्नेछ, सचेत रहनु होला । मङ्गलवारबाट शुभकार्यको चर्चा चल्नेछ ।

**मकर**: यो साता धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । स्वास्थ्य साबर र शिक्षामा सफलता मिल्नेछ । सामाजिक कार्यमा रुचि बढ्नेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । मनोरञ्जनमा सहभागिता भइएला ।

**कुम्भ**: यो साता धार्मिक, सामाजिक र अरुको हित हुने काममा समय व्यतीत हुनसक्छ । व्यावसायिक काममा राम्रै फडको मार्न सकिनेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । पारिवारिक जमघट र विशिष्ट व्यक्तिको सहयोग पाइनेछ ।

**मिन**: यो साता सामाजिक कार्यमा रुचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । पुँजी बजारमा लगानीको अवसर आउनाले मन प्रसन्न रहनेछ र पछि फाइदा हुनेछ । साताको मध्यमा मानसिक चिन्ता बढ्नेछ ।

# तीन महिनामा २८ जनाले त्यागे नेपाली नागरिकता

भरतपुर। चितवनमा चालु आर्थिक वर्षको पहिलो तीन महिनामै २८ जनाले नेपाली नागरिकता परित्याग गरेका छन्। साउनदेखि असोज मसान्तसम्मको अवधिमा जिल्ला प्रशासन कार्यालय चितवनमार्फत १० महिला र १८ पुरुषले नागरिकता त्यागेका हुन्।




सोही अवधिमा चितवनमा तीन हजार ६२ जनाले वंशजका आधारमा नेपाली नागरिकता प्राप्त गरेका छन्। जिल्ला प्रशासन कार्यालय चितवनबाट दुई हजार ८२४ तथा इलाका प्रशासन कार्यालय माडीबाट २३८ जनाले नागरिकता लिएका छन्। नागरिकता प्राप्त गर्नेमा एक हजार ५४० महिला र एक हजार ५२२ पुरुष रहेका छन्।

जिल्ला प्रशासन कार्यालय चितवनका सूचना अधिकारी विकास विकका अनुसार तीन महिनाको अवधिमा ६ हजार ७६६ नागरिकताको प्रतिलिपि जारी गरिएको छ। तीमध्ये जिल्ला प्रशासन कार्यालयबाट ६ हजार ११६ र इलाका प्रशासन कार्यालय माडीबाट ६५० प्रतिलिपि वितरण गरिएको हो।

यस अवधिमा जिल्ला प्रशासन कार्यालयबाट १५ महिलाले वैवाहिक अङ्गीकृत नागरिकता प्राप्त गरेका छन् भने ११ जनाले अङ्गीकृत नागरिकता लिएका छन्। अङ्गीकृत नागरिकता प्राप्त गर्नेमा सात महिला र चार पुरुष रहेका छन्। माडीबाट पनि एक महिलाले वैवाहिक अङ्गीकृत तथा एक जनाले अङ्गीकृत नागरिकता प्राप्त गरेका छन्।

त्यस्तै, ३१ जनाले गैरआवासीय नेपाली (एनआरएन) नागरिकता प्राप्त गरेका छन्। यो सुविधा लिनेमा नौ महिला र २२ पुरुष रहेका छन्। तीन महिनाको अवधिमा चार जनाको नागरिकता रद्द गरिएको तथ्यांकमा उल्लेख छ।

नागरिकतासँगै राष्ट्रिय परिचयपत्रतर्फ पनि सेवाग्राहीको आकर्षण बढेको देखिएको छ। जिल्ला प्रशासन कार्यालय चितवनबाट ११ हजार ९९७ जनाको राष्ट्रिय परिचयपत्रका लागि नयाँ विवरण दर्ता गरिएको छ भने चार हजार ३७० वटा परिचयपत्र वितरण गरिएको छ। यस्तै, माडीबाट एक हजार २५५ जनाको नयाँ विवरण दर्ता र ७४८ वटा परिचयपत्र वितरण गरिएको छ।

राहदानी सेवातर्फ तीन महिनामा पाँच हजार ८५२ जनाका लागि राहदानी सिफारिस गरिएको छ भने चार हजार २४३ वटा राहदानी वितरण गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

यस अवधिमा ३२६ जनाको नाबालक परिचयपत्रका लागि नयाँ विवरण दर्ता गरिएको छ भने ११ वटा प्रतिलिपि जारी गरिएको छ। प्रशासन कार्यालयबाट ३१६ वटा जातीय प्रमाणित, ३१७ वटा भारतीय पेन्सन सिफारिस, १२५ वटा व्यक्ति प्रमाणित तथा एक हजार ११४ वटा अन्य सिफारिससम्बन्धी सेवा प्रदान गरिएको छ।

तथ्याङ्कले चितवनमा नागरिकता, राष्ट्रिय परिचयपत्र र राहदानी सेवाप्रति नागरिकको चाप बढिरहेको देखाए पनि नागरिकता परित्यागगर्नेकोसंख्यापनिउल्लेखनीय रहेको देखाएको छ।

# चितवनमा सवारी दुर्घटना न्यून

भरतपुर। चितवनमा सवारी दुर्घटना तथा दुर्घटनामा परी मृत्यु हुने र घाइते हुनेको संख्यामा उल्लेख्य कमी आएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार गत वर्षको दसैंको तुलनामा यसवर्ष सवारी दुर्घटना करिब ७३ प्रतिशतले कमी आएको हो।

कार्यालयको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८२/०८३ को दसैं अवधिमा जिल्लामा ३३ वटा सवारी दुर्घटना हुँदा चार जनाको मृत्यु भएको थियो भने ५८ जना घाइते भएका थिए। चालु आर्थिक वर्ष २०८३/०८४ को दसैं अवधिमा भने नौ वटा सवारी दुर्घटना भएका छन्। ती दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ भने २९ जना घाइते भएका छन्।

गत वर्षको तुलनामा यस वर्ष दुर्घटनाको संख्या २४ वटाले घटेको छ। त्यस्तै, दुर्घटनामा मृत्यु हुनेको संख्या ७५ प्रतिशत र घाइते हुनेको संख्या ५० प्रतिशतले घटेको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख अनिल थापाले प्रविधिको प्रयोग, कडाइका साथ गरिएको सवारी जाँच, चुस्त सुरक्षा व्यवस्था र ट्राफिक सचेतनाका कारण दुर्घटना तथा मानवीय क्षतिमा कमी आएको बताए।

उनका अनुसार जिल्लाका मुख्य स्थानमा जडान गरिएका सिसिटिभी क्यामेराबाट निगरानी, ट्राफिक प्रहरीद्वारा बडी वोर्न क्यामेराको प्रयोग तथा मुख्य सडकखण्डमा कडाइका साथ गरिएको सवारी जाँचले दुर्घटना न्यूनीकरणमा सहयोग पुऱ्याएको छ।

साथै चाडपर्वका समयमा सुरक्षा व्यवस्थालाई चुस्त बनाउनु र निरन्तर ट्राफिक सचेतना अभिवृद्धि गर्नुले पनि दुर्घटना तथा मानवीय क्षति घटाउन योगदान पुऱ्याएको प्रमुख थापाले जानकारी दिए।


## धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं

- ❖ चाडपर्व मनाउँदा अनावश्यक तडक-भडक नगरौं,
- ❖ चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- ❖ धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- ❖ एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।

सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयबाट इजाजत (License) प्राप्त
कम्पनी प्रा.लि. नयाँ दर्ता, नवीकरण खारेजी समेत सम्पूर्ण कार्यको लागि
चितवनको एक मात्र आधिकारिक सेवा केन्द्र

S & P COMPANY

भरतपुर, चितवन, फोन नं. ०५६-५२६९५९, ५२४११५

- ★ प्रा.लि.का शेयर सदस्य होल्डरहरु काठमाडौं जान नपर्ने गरी भरतपुरबाटै सेवा दिइने ।
- ★ कम्पनीको नयाँ दर्ता, नवीकरण, पूँजी बृद्धि, उद्देश्य थप, नामसारी, ठाउँसारी, शेयर थपघट लगायत खारेज समेतको सम्पूर्ण कार्यको सहजीकरण गरी सेवा पुऱ्याउने ।
- ★ Pan, Vat, Tax करदाताको मासिक, बार्षिक आय विवरण तयारी पारी Net Entry को सेवा दिइने ।
- ★ Business Plan, Schene, Business Proposal तयारी पारी दिने ।



## सूचना सूचना सूचना

नेपाल सरकारको सन २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्दधन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरू**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं ।

भरतपुर महानगरपालिका
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा



## जनहितमा जारी सन्देश

- ☞ जन्म, मृत्यु, विवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु ३५ दिन भित्रै दर्ता गरौं ।
- ☞ कानुन बमोजिम बुझाउनुपर्ने घरजग्गा लगायतका कर र अन्य कर, राजस्व समयमा नै बुझाऔं ।
- ☞ समाज स्वच्छ सफा राखौ ।
- ☞ कुनै पनि व्यवसाय सञ्चालन गर्दा वडामा अनिवार्य दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- ☞ आ-आफ्नो घर, आँगन, टोल, छिमेक आफैले सफा गरौं ।

"समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं ।"

## हार्दिक शुभकामना

शुभ-दीपावली तथा छठ पर्व २०८३ को सुखद उपलक्ष्यमा सम्पूर्ण वडावासी नेपाली बुबाआमा, दाजुभाइ, दिदीबहिनीहरु तथा शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना ।



आशिक तामाङ
वडाअध्यक्ष
एवम्
रत्ननगर नगरपालिका वडा नं. १५ को कार्यालय
रत्ननगर, चितवन

